आज मिति २०७४ कार्तिक १५ गते बुधबारका दिन यस चौतारा सँगाचोकगढी नगरपालिकाका प्रमुख श्री अमान सिं तामाङज्यूको अध्यक्षतामा बसेको नगरकार्यपालिकाको बैठकमा निम्न बमोजिमको पदाधिकारीहरुको उपस्थितीमा निम्न बमोजीमका प्रस्ताबहरु माथि छलफल गरि देहाय बमोजीम निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री अमान सिं तामाङ | प्रमुख | |
| २ | श्री जानुका पराजुली | उप-प्रमुख | |
| ३ | श्री इन्द्र प्रसाद बस्याल | कार्यकारी अधिकृत | |
| ४ | श्री सानोकान्छा श्रेष्ठ | वडा नं. १ वडा अध्यक्ष | |
| ५ | श्री दिपेन्द्र थापा | वडा नं. २ वडा अध्यक्ष | |
| ६ | श्री टेक बहादुर तामाङ | वडा नं. ३ वडा अध्यक्ष | |
| ७ | श्री चुडामणि नेपाल | वडा नं. ४ वडा अध्यक्ष | |
| ८ | श्री नरमान श्रेष्ठ | वडा नं. ५ वडा अध्यक्ष | |
| ९ | श्री तोक बहादुर तामाङ | वडा नं. ६ वडा अध्यक्ष | |
| १० | श्री उमा प्रसाद दुलाल | वडा नं. ७ वडा अध्यक्ष | |
| ११ | श्री तिर्थ बहादुर श्रेष्ठ | वडा नं. ८ वडा अध्यक्ष | |
| १२ | श्री बिष्णु लामा | वडा नं. ९ वडा अध्यक्ष | |
| १३ | श्री बेल बहादुर महत | वडा नं. १० वडा अध्यक्ष | |
| १४ | श्री शुसील बहादुर माझी | वडा नं. ११ वडा अध्यक्ष | |
| १५ | श्री ध्रुव राज गिरी | वडा नं. १२ वडा अध्यक्ष | |
| १६ | श्री राम प्रसाद गौतम | वडा नं. १३ वडा अध्यक्ष | |
| १७ | श्री शेर बहादुर श्रेष्ठ | वडा नं. १४ वडा अध्यक्ष | |
| १८ | श्री गणेश बि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री सागर परियार | कार्यपालिका सदस्य | |
| २० | श्री नारायण देवी घले | कार्यपालिका सदस्य | |
| २१ | श्री उर्मिला थापा परियार | कार्यपालिका सदस्य | |
| २२ | श्री रोजिना घतानी | कार्यपालिका सदस्य | |
| २३ | श्री आशामाया माझी | कार्यपालिका सदस्य | |
| २४ | श्री शर्मिला नेपाली | कार्यपालिका सदस्य | |
| २५ | श्री बिष्णुमाया तामाङ | कार्यपालिका सदस्य | |

**प्रस्तावहरु**

१) दोलाल घाट - चौतारा सडक मापदण्ड संसोधन सम्वन्धमा ।

२) चौतारा साँगाचोकगढी नगरपालिकामा रहेका सडकहरुको मापदण्ड संसोधन सम्वन्धमा ।

३) नक्सा पास सम्बन्धमा ।

४) न्यायीक समितिलाई पूर्णता दिने सम्बन्धमा ।

५) रकमान्तर सम्बन्धमा ।

**निणयहरु :**

## निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा तत्कालीन श्री ५ को सरकार निमार्ण तथा यातायात मन्त्रालयको मिति २०३४।०३।२० नेपाल राजपत्र भाग - ३ (ख) मा प्रकाशित सूचना अनुसार सहायक मार्ग सि.नं. २१ मा दोलाल-चौतारा सडक भनि उल्लेखित सडक मध्ये दोलाल घाट घाट -वन्देउ सडक खण्ड अरनिको राजमार्गमा पर्ने, वन्देउ देखि चौतारा सडक सहायक राजमार्गको दुरी २४ कि.मी. मात्र रहेको छ ।

मिति २०७२ सालको विनासकारी भुकम्प बाट सडक दायाँ वायाँ रहेका सवै जनताका निजी आवासका अधिकांश घरहरुपुर्ण रुपमा ध्वस्त भई पुन निमार्ण गनुपर्ने अवस्था छ । नेपाल सरकारले तोकेको मापदण्ड अनुसार सडकको दायाँ बायाँ २० मी. छोडी उक्त सडकको दायाँ वायाँ भिरालो जमिनका कारण घर वनाउन असम्भव भएको भनि व्यापक रुपमा जनस्तरबाट उठेको गुनासोको सम्वन्धमा मिति २०७४।०५।२८ गते यस नगरपालिकाका प्रमुख श्री अमान सिं तामाङज्यूको अध्यक्षतामा जि.स.स. प्रमुख, प्रमुख जिल्ला अधिकारी, र्निवाचीत वडाअध्यक्ष , नगर क्षेत्रमा कृयाशिल राजनीतिक दलका प्रमुख लगायत सवर्दलीय/ सर्वपक्षीय बैठकले समेत उक्त सडक मापदण्ड कार्यन्यन गर्न सम्भव नदेखिने अवस्था ठहर गरि पुन निमार्णलाई गतिदिन सडक विचबाट १०/१० मी दायाँ वायाँ सेड व्याक ० गरी सडक अधिकार क्षेत्र २० मी. कायम गर्ने । वन्देउ - चौतारा २४ कि.मी. चौताराको पुरानो वसपार्क सम्म कायम गर्नको लागि चौतारा साँगाचोकगढी नगरपालिकालाई सिफारिस गर्ने निर्णय गरिएको थियो ।

वन्देउ - चौतारा सडक मापदण्ड संसोधन गर्नु पर्‍यो भनि व्यापक रुपमा आएको आम जनताको माग र मिति २०७४।०५।२८ गतेको सर्वदलिय सर्वपक्षिय निर्णयलाई समेत मध्यनजर गर्दा उक्त सडक चौतारा साँगाचोकगढी नगरपालिका भित्र मात्र पर्ने । स्थानीय तहको पुन : संरचना पछी चौतारा सदरमुकामसम्म आवागमनको चाप समेत कम भएको अवस्था छ । उक्त सडक हिमाली जिल्लाको भु-खण्डमा पर्ने र सडक दायाँ वायाँ भिरालो जमिन तथा २०३४ साल भन्दा अगावै वनेका घरहरु रहेको सम्वन्धमा के गर्ने भन्ने वारेमा समेत स्पष्ट नभएको अवस्थामा नेपाल सरकारले तोकेको सडक मापदण्ड लागु गर्न नसकिने

भएकोछ । उक्त सडकको जग्गाको मूआव्जा समेत नेपाल सरकारले हाल सम्म उपलव्ध गराएको छैन । भुकम्पबाट उक्त क्षेत्रका जनताको निजी आवास अधिकांश ध्वस्त भएको अवस्थामा नेपाल सरकारले २०७५ आषाढ मसान्त भित्र पुन र्निर्माण सम्पन्न गर्नु पर्ने नीतिलाई सफल बनाउन जनताको नीजि आवास निमार्णमा समस्या भएकोले यस चौतारा साँगाचोकगढी नगरपालिका भित्र रहेको वन्देउ - चौतारा सडक खण्डमा नेपाल सरकारले तोकेको मापदण्ड लाई घटाई सडक विच बाट १०/१० मी दायाँ वायाँ सेड व्याक ० गरी सडक अधिकार क्षेत्र २० मी. कायम गर्ने निर्णय गरियो । यस निर्णयको जानकारी भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा समेत पठाउने ।

## निर्णय नं. २

चौतारा साँगाचोकगढी नगरपालिकाको प्रथम नगरसभाबाट मिति २०७४ आषाढ २८ गते स्वीकृत गरेको चौतारा साँगाचोकगढी नगरपालिकामा रहेका सडकहरु (MTMP) र Road Inventory अनुसार) तोकीएको सडक मापदण्डम संसोधन गरी देहाय वमोजिमको संशोधित सडक मापदण्ड स्वीकृत गर्ने निर्ण गरियो ।

## निर्णय नं. ३

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ७ दफा २७ मा नक्सापास नगराई भवन निर्माण गर्न नहुने तर गाउँपालिका वा नगरपालिकाले तोकोको क्षेत्र र संरचनाको हकमा नक्सापास नगराई पनि भवन निर्माण गर्न वाधा पर्ने छैन भनि व्यवस्था गरेको छ ।

२०७२ सालमा गएको विनासकारी भूकम्पबाट यस नगरपालिकाको अधिकांश घरहरु ध्वस्त भएको हुँदा नेपाल सरकार राष्टिय पुनःनिर्माण प्राधिकरणसंग भएके लाभग्रही संझौता अनुसार हाल सम्म करि ९३ प्रतिसत ले पहिलो किस्ता रकम वुझेको, दोस्रो किस्ता १४.६ र तेस्रो किस्ता १.६ प्रतिशतले मात्र बुझेको तथ्याङकबाट देखिन्छ । पुनःनिर्माण प्राधिकरणले २०७३ पौष मसान्तसम्म प्रथम किस्ता प्राप्त गर्ने निजी घर धनिहरुले २०७४ पौष मसान्त सम्मम दोस्रो किस्ता लिइ सक्नुपर्ने र २०७४ कार्तिक मसान्त भित्र किस्ता प्राप्त गर्ने निजी घरहरुले २०७४ चैत्र मसान्त भित्र दोस्रो किस्ता लिइसक्नु पर्ने । २०७४ पौषमसान्त भनि समय भनि समय सीमा तोकेको छ । दोस्रो किस्ता लिनको लागि घरको प्रथम चरणको अस्थायी ईजाजत पत्र डिपिसी लेवलको कार्य सम्पन्न हुनु पर्ने प्रावधान राखिएको छ । यस नगरपालिकामा भुकम्पबाट भत्केको घरहरुको पुन : निर्माण गर्नको लागि करिव ८,५०० भन्दा वढी घरधनीहरुको नक्सापास गर्न बाँकी देखिन्छ । यस नगरपाकिा क्षेत्रको लागि नेपाल सरकारबाट तोकिएको प्रतिघर रु ३ लाख अनुदान उपलव्ध गराउन जापान अन्तराष्टिय सहयोग (JICA) बाट सहयोग हुदै आएको छ । JICA का पदाधिकारी र यस नगरपालिका बिच मिचि २०७४।०७।१४ मा भएको छलफलमा पनि तोकिएको समयसीमा भित्रमा पुनःनिर्माण सम्पन्न गर्नको लागि नगरपालिका भित्र नक्सा पास गर्नु पर्ने अनिवार्य प्रावधानमा केहि संरचनाको हकमा छुट दिनु पर्ने भनि छलपल भएको थियो । माथि उल्लेखित स्थानीय

सरकार सञ्चलन ऐन, २०७४ को दफा २७ को उपदफा (१) मा व्यवस्था भए अनुसार भूकम्प पछिको पुन निर्माण कार्यलार्य राष्टिय पुन : निर्माण प्राधिकरले तोकेको समयसीमा भित्र सम्पन्न गर्नको लागि २०७५ आषढ मसान्त सम्मको लागि यस नगरपालिका भित्रका देहाय वमोजिमका घर तथा संरचनाहरुमा नक्सापास अनिवार्य नगर्ने निर्णय गरियो ।

डिजाइन सूची भुकम्प प्रतिरोधी आवास पुन : निर्माण भाग १ र भाग २

| क.सं. | संरचनात्मक प्रकार |
|---|---|
| १ | ढुङ्गको गारोमा सिमेन्टको जोडाई (एस.एम.सि.) |
| २ | ढुङ्गको गारोमा माटोको जोडाई (एस.एम.सि.) |
| ३ | ईटाको गारोमा सिमेन्टको जोडाई (वि.एम.सि.) |
| ४ | ईटाको गारोमा माटोको जोडाई (वि.एम.एम.) |
| ५ | Interlocking Brick Masonry |
| ६ | Confined Hollow Concrete Block Mesonry |
| ७ | Hollow Concrete Block Masonry |
| ८ | Compressed Stabilized Forth Block Masonry |
| ९ | Random Rubble Masonry with GI wire containment |
| १० | Bamboo end stone Masonry Hybrid Strecture |
| ११ | Rat Trap Bond Masonry |
| १२ | Earth Bag Masonry |
| १३ | Light Gauge Steel Structure |
| १४ | Steel Structure |
| १५ | Tiber Structure |
| १६ | Debris block Masonry |

## निर्णय नं. ४

**क.** बिषयगत कार्यालयको बजेट बाँडफाँड तर्फको पोल खरीद शिर्षकमा विनियोजन गरिएको रु १ करोड रुपियाँ लाई रकमान्तर गरि नगर कार्यापालिका बाट स्कृत भएका कृषि विकास, सम्वन्धि कार्यक्रममा रु ५० लाख र पशु शेवा तर्फको कार्यक्रममा रु ५० लाख बजेट खर्च गर्ने निर्णय गरियो ।

**ख.** स्याउले घुम्तीमोड शुधारका लागि विनियोजित रु १५ लाख रकम रकमान्तर गरि चौतारा - थालखर्क- होल्चे खानेपानी मुहान जाने सडक मर्मत गर्ने रकमान्तर गरी खर्च गर्ने निर्णय गरीयो ।